

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर ८ गते मंगलबार ❑ 24 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

मैले युवा प्रधानमन्त्री शाहमा नेपालको भविष्य देखें : भारतीय प्रधानमन्त्री मोदी

रासस
काठमाडौं, ७ मंसिर

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री बालेन्द्र शाहमा नेपालको भविष्य र भारत-नेपाल सम्बन्धलाई नयाँ उचाइमा पुर्याउने स्पष्ट दृष्टिकोण तथा प्रतिबद्धता देखेको बताउनुभएको छ ।

प्रधानमन्त्री शाहसँगको भेटवार्तापछि आयोजित यहाँस्थित हैदरावाद हाउसमा आयोजित पत्रकार सम्मेलनमा उहाँले छोटो समयको कुराकानीबाटै शाहको दृष्टिकोण र प्रतिबद्धता महसुस गरेको बताउनुभयो । "केही महिनाअघि विश्वकै युवा प्रधानमन्त्रीका रूपमा उहाँले विश्व मञ्चलाई सम्बोधन गर्दा उहाँको दूरदर्शिता स्पष्ट देखिएको थियो । आजको कुराकानीमा मैले नेपालको भविष्य र भारत-नेपाल सम्बन्धका लागि उहाँको स्पष्ट दृष्टिकोण र प्रतिबद्धता महसुस गरेको छु", प्रधानमन्त्री मोदीले भन्नुभयो ।

उहाँले नेपाली जनताले यस वर्ष प्रधानमन्त्री शाहलाई दिएको ऐतिहासिक जनादेश नयाँ पुस्ताका आकाङ्क्षा र आशाको प्रतिबिम्ब भएको उल्लेख गर्दै सशक्त र समृद्ध नेपालको विकास यात्रामा भारत सधैँ साझेदार रहने बताउनुभयो ।

भारत र नेपालबीचको सम्बन्ध छिमेकीको मात्र नभई अद्वितीय विश्वासमा आधारित रहेको उल्लेख गर्दै उहाँले दुवै देशका खुसी र चुनौती साझा रहेको बताउनुभयो । एकअर्काको प्रगतिका साझेदार तथा कठिन समयमा सहयोगी रहेको उल्लेख



गर्दै उहाँले हालै नेपालमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभयो ।

रु दुई खर्ब ४० अर्ब बराबरको विकास सहयोग प्याकेज घोषणा

नेपालमा पुनर्निर्माण र दीर्घकालीन विकासलाई सुदृढ बनाउन भारतले रु दुई खर्ब ४० अर्ब बराबरको विकास सहयोग प्याकेज घोषणा गरेको भारतीय प्रधानमन्त्री मोदीले जानकारी दिनुभयो । उक्त सहयोगले प्रभावित परिवारको जीवन सामान्य बनाउन, नयाँ अवसर सिर्जना गर्न तथा भविष्यमा विपद् सामना गर्ने नेपालको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री मोदीले भारत र नेपालबीचको सम्बन्ध साझा इतिहास, आस्था, संस्कृति र जनस्तरको निकटतामा आधारित रहेको बताउनुभयो । भगवान् राम र माता सीतालाई दुवै देशको साझा सभ्यता र आस्थाका प्रतीकका रूपमा उल्लेख गर्दै उहाँले जनकपुर र अयोध्याबीचको धार्मिक सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आजदेखि सुरु गरिएको 'सर यू-कमला' रेल सेवाले अयोध्या आउने श्रद्धालुलाई जनकपुर पुगेर माता सीताको दर्शन गर्न सहज हुने उहाँले बताउनुभयो । साथै, लुम्बिनी र बोधगयासहित दुवै देशका बौद्ध तथा शिवशक्तिसँग सम्बन्धित पवित्र स्थलबीच सम्पर्क विस्तार गर्न सहकार्य गरिने भारतीय प्रधानमन्त्री मोदीले जानकारी दिनुभयो ।

यसैगरी, उत्तराखण्ड र नेपालबीच धारचुला सडक पुलको उद्घाटन तथा बनबासामा एकीकृत जाँच चौकीको शिलान्यास गरिएको उहाँले बताउनुभयो । नेपालतर्फ दोधारा चाँदनीमा एकीकृत जाँच चौकी निर्माणको काम पनि तीव्र गतिमा अघि बढाइने उहाँको भनाइ थियो । यी परियोजनाले नेपाल र भारतबीच व्यापार तथा आवतजावत सहज बनाउने उल्लेख गर्दै उहाँले बिहार, उत्तर प्रदेशलगायत भारतीय राज्य र नेपालबीच सडक, रेल तथा सीमा सम्पर्क विस्तारका परियोजनालाई गति दिइने बताउनुभयो । नेपालको पारवहन व्यापार सहज बनाउन काङ्गडा र पारादीप बन्दरगाहसम्म पहुँच उपलब्ध गराउने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

नेपालका नदीमा स्वच्छ ऊर्जा उत्पादनको ठूलो सम्भावना रहेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले त्यसको उपयोगबाट नेपालको आर्थिक समृद्धिमा योगदान पुर्याउन भारतको ऊर्जा बजार सहयोगी बन्न सक्ने बताउनुभयो । तल्लो अरुण जलविद्युत् आयोजनाको शिलान्यास र अरुण-३ आयोजना समयमै सम्पन्न गर्ने प्रतिबद्धता यसै प्रयासको हिस्सा रहेको उहाँले उल्लेख गर्नुभयो ।

भारतले नेपाललाई पेट्रोलियम पदार्थ तथा अन्य आवश्यक वस्तुको विश्वसनीय आपूर्तिकर्ताका रूपमा निरन्तर सहयोग गर्दै आएको उल्लेख गर्दै उहाँले आपूर्तिमा चुनौती हुँदासमेत नेपालमा इन्धन, मल तथा अन्य अत्यावश्यक वस्तुको आपूर्ति कायम राखिएको बताउनुभयो ।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको उद्घाटन र झापामा पेट्रोलियम पदार्थ भण्डारण केन्द्रको शिलान्यासले दुई देशबीचको आपूर्ति साझेदारी थप सुदृढ हुने उहाँले बताउनुभयो ।

नेपालको युवा पुस्तामा प्रतिभा, ऊर्जा र ठूला सपना रहेको उल्लेख गर्दै उहाँले ती आकाङ्क्षा पूरा गर्न भारत सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभयो । यसका लागि नेपालमा नयाँ उद्यम प्रवर्द्धन केन्द्र, नवप्रवर्तन केन्द्र तथा भारतीय प्राविधिक संस्थानको बाह्य परिसर स्थापना गरिने उहाँले जानकारी दिनुभयो ।

पर्यटक आगमनमा वृद्धि

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

गत साउनदेखि कात्तिकसम्ममा अन्नपूर्ण संरक्षण क्षेत्रमा एक लाख २३ हजार ७१४ जना विदेशी पर्यटक भित्रिएका छन् । यो सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा २९ हजार ११० ले बढी हो ।

यस वर्ष साउनमा २६ हजार ५९१, भदौमा १७ हजार ९१३, असोजमा ३२ हजार ९३६ र कात्तिकमा ४६ हजार २४७ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका हुन् ।

संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाका अनुसार दक्षिण एसियाली मुलकका ५२ हजार ८८६ र बाँकी अन्य देशका पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका हुन् । असोज-कात्तिक मुख्य पर्यटकीय याम भएकाले यो समयमा पर्यटकको आगमन बढी हुने गरेको उहाँको भनाइ छ ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर बर्सेनि ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रने गरेका छन् ।

अन्नपूर्ण क्षेत्र पदयात्रा रूचाउने पर्यटकको समेत रोजाइमा पर्दै आएको छ । संरक्षण क्षेत्रमा पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ् ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ । कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र जैविक विविधताका हिसाबले महत्वपूर्ण मानिन्छ ।

प्रेस स्वतन्त्रता र महासंघका मागबारे छलफल

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

नेपाल पत्रकार महासंघले आफूले घोषणा गरेको आन्दोलनको कार्यक्रमअन्तर्गत महासंघ कास्की र गण्डकी शाखाले सञ्चारसम्बद्ध विभिन्न संघसंगठनहरुसँग छलफल गरेको छ ।

वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको भन्दै त्यसको विरोधमा छलफल आयोजना गरिएको नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले जानकारी दिए । छलफलका क्रममा महासंघ



र सम्बद्ध संघसंगठनहरुका प्रतिनिधिहरुले समाचार कक्षभित्रै प्रहरी पसेर पत्रकारमाथि धरपकड गरिएको तथा सञ्चारमाध्यममा अनाधिकृत रूपमा गाडी तेर्स्याउनेहरुमाथि हालसम्म कारबाही नगरिएको विषयमा गम्भीर असन्तुष्टि जनाएका थिए । त्यस्तै, प्रेस स्वतन्त्रतालाई नियन्त्रण गर्ने मनसाय राखी प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास भइरहेको भन्दै उनीहरूले त्यसप्रति विरोध गरेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष नारायण कार्कीले वर्तमान सरकारले पत्रकार जगतसहित समाजका सम्पूर्ण क्षेत्रलाई उपेक्षा

बाँकी अन्तिम पृष्ठमा ▶▶

राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रमको समापन, धेरै कर तिर्ने करदातालाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

आन्तरिक राजस्व कार्यालय पोखराले बिभिन्न कार्यक्रमहरूको आयोजना गरी राष्ट्रिय कर दिवस तथा कर सप्ताह कार्यक्रम - २०८३ सम्पन्न गरेको छ ।

"कर न्याय र सुशासनको सुनिश्चितताः समृद्धिमा नागरिक सहभागिता" भन्ने मुल नारा सहित सोमबार एक कार्यक्रमका बिच राष्ट्रिय कर दिवस तथा कर सप्ताह सम्पन्न भएको हो। राष्ट्रिय कर दिवस तथा कर सप्ताह समापन कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकृत कुमान सिंह गुरुङले राजस्व लक्ष्य प्राप्तिका लागि सम्बन्धित निकायहरूले अफ्नो दायित्व पुरा गर्नुपर्ने बताउनु भयो । उहाँले दर्ता, दायित्व, दाखिला, दक्षता, दायरा वृद्धि गर्ने, दर घटाउने, उचित दण्ड जरिवाना गर्ने जस्ता कार्यलाई प्राथमिकता दिनुपर्ने बताउनु भयो। उहाँले नागरिक तथा व्यवसायीले आफ्नो कर दायित्व इमानदारीपूर्वक पूरा गर्दा राज्यको आर्थिक आधार बलियो हुने उहाँको भनाइ थियो।



करबाट प्राप्त राजस्व नै मुलुकको विकास, सार्वजनिक सेवा प्रवाह र समृद्धिको महत्वपूर्ण आधार भएकाले कर तिर्ने संस्कारलाई सबैले आत्मसात् गर्नुपर्ने उहाँले बताउनुभयो ।


कार्यक्रममा बोल्दै आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिव प्रसाद ढुङ्गानाले कर कानूनको पालना गरी राजस्व संकलनमा योगदान गर्नु हुने करदाताप्रति हार्दिक आभार व्यक्त गर्नुभयो। उहाँले कार्यालयले प्रदान गर्ने सेवाहरूमा गुणात्मक परिवर्तन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यकममा बोल्दै उद्योग वाणिज्य संघ पोखराका अध्यक्ष शोभा गौतम, चेम्बर अफ कमर्श पोखराका अध्यक्ष उमराज बास्तोला, स्याङ्जा चेम्बर अफ कमर्शका अध्यक्ष श्री गुरूङ लगाएतका व्यवसायी संघ संस्थाका पादाधिकारीहरूले कर प्रशासन व्यवसायमैत्री बन्नुपर्नेमा जोड दिदै राज्यले व्यवसायीक वातावरण सुधार गर्न आवश्यक पहल कदमी गर्नुपर्नेमा जोड दिनुभयो ।

कर सप्ताह अन्तर्गत विभिन्न कार्यक्रमहरू

कर सप्ताहको पहिलो दिन मंसिर १ गते पोखरा सभागृह देखि कार्यालय सम्म प्रभातफेरी कार्यक्रम तथा कार्यालय परिसरमा शुभकामना आदानप्रदान गरिएको थियो । यसैगरि, पहिलो व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता श्री टिपटप रेष्टुरेन्टका सञ्चालक अन्जु लोपचन न्यौपानेलाई सम्मान गरिएको थियो ।

दोस्रो दिन मंसिर २ गते लेखनाथ उद्योग वाणिज्य संघमा आवद्ध भएका व्यवसायी, पदाधिकारी तथा सदस्यहरूका बीच कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। कर सप्ताहको तेस्रो दिन लेखनाथ उद्योग वाणिज्य संघमा आवद्ध भएका व्यवसायी, पदाधिकारी तथा सदस्यहरूका अन्तरक्रिया कार्यक्रम भएको थियो भने चौथौ दिन स्याङ्जा उद्योग वाणिज्य संघमा आवद्ध भएका व्यवसायी, पदाधिकारी तथा सदस्यहरूका बीच पुतलीबजार, स्याङ्जामा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन भएको थियो। कर सप्ताह

बाँकी अन्तिम पृष्ठमा ▶▶



फेवा किड्स कप राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

पोखरामा यही मङ्सिर ९ गतेदेखि फेवा किड्स कप राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता-२०८३हुने भएको छ।

युनाइटेड किड्स क्लब पोखराको आयोजनामा पोखरा रङ्गशालास्थित भलिबल ट्रेनिङ सेन्टरमा मंसिर १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी पूरा भएको आयोजकले आज पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराएको हो।

प्रतियोगितामा नेपालका छ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। सहभागी टोलीमा नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, नेपाल आर्मी क्लब, कोशी प्रदेश भलिबल सङ्घ, गण्डकी प्रदेश भलिबल सङ्घ र किड्स पोखरा भलिबल क्लब रहेको संयोजक गुरुङले जनाउनु भयो।



प्रतियोगिताको विजेता टोलीले चार लाख रुपैयाँ, उपविजेताले दुई लाख ५० हजार रुपैयाँ, तृतीय हुने टोलीले एक लाख रुपैयाँ र सान्त्वना स्थान हासिल गर्ने टोलीले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

राष्ट्रियस्तरमा पुरुष भलिबल खेलको विकास, विस्तार र प्रवर्द्धन गर्ने, प्रतिभावान् खेलाडीलाई प्रतिस्पर्धाको अवसर प्रदान गर्ने तथा पोखरालाई राष्ट्रिय खेलकुदको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको संयोजक गुरुङले जनाउनु भयो। प्रतियोगिता संयोजक थमन गुरुङले यस वर्षदेखि सुरु हुन लागेको प्रतियोगितालाई आगामी वर्षहरूमा समेत निरन्तरता दिने बताउनुभयो। उहाँले प्रतियोगिताले राष्ट्रियस्तरका खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै पोखराको भलिबल विकासमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। प्रतियोगिता लिगकम नकआउट प्रणालीमा सञ्चालन हुनेछ। किड्स पोखरा भलिबल क्लबको टोलीमा भारतका तीन खेलाडीसमेत सहभागी हुने क्लबका अध्यक्ष अशोक गुरुङले जानकारी दिनुभयो। प्रतियोगिता सम्पन्न गर्न करिब ६० लाख ९५ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजक संस्थाका सचिव अशोक थापाले जानकारी दिनुभयो।

त्यसैगरी प्रतियोगितामा विभिन्न विधाका उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई नगद पुरस्कार प्रदान गरिनेछ। सर्वोत्कृष्ट खेलाडीले २० हजार रुपैयाँ प्राप्त गर्दा उत्कृष्ट सर्भर, सेटर, ब्लकर, लिब्रो, स्पाइकर र प्रशिक्षकले जनही १० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्रतियोगिताका सम्पूर्ण खेलको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ। खेल अवलोकनका लागि सिजनल पास तथा दुई हजार पाँच सय रुपैयाँको प्रवेश टिकटको व्यवस्था गरिएको छ।

नेवा खल कास्कीको अध्यक्षमा पुनः अशोक पालिखे सर्वसम्मत निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

नेवा खल कास्कीको अध्यक्षमा अशोक पालिखे पुनः सर्वसम्मत निर्वाचित भएका छन्। शनिबार सम्पन्न संस्थाको अधिवेशनमा अध्यक्ष पदका लागि पालिखेको मात्र उम्मेदवारी परेपछि उनी सर्वसम्मत चयन भएका हुन्। निर्वाचन समितिका संयोजक दीपेन्द्र श्रेष्ठले पालिखे निर्विरोध निर्वाचित भएको जानकारी दिए।

अधिवेशन बाट कार्यसमिति सदस्यमा विक्रम उदास, शम्भुलाल श्रेष्ठ, सुरेन्द्रप्रसाद श्रेष्ठ, भैरवलाल श्रेष्ठ, चन्द्रबहादुर राज भण्डारी, कल्पना श्रेष्ठ, शान्तकुमार श्रेष्ठ, सबिन्द्र श्रेष्ठ, ऋषभ तिमिला र प्रकाशलाल श्रेष्ठ चयन भएका छन्। नवनिर्वाचित अध्यक्ष पालिखेले कार्यसमितिका सदस्यहरूमध्येबाट पदाधिकार ीसमेत मनोनयन गरेका छन्। जसअनुसार उपाध्यक्षमा प्रकाशलाल श्रेष्ठ र सुविन्द्र श्रेष्ठ, महासचिवमा भैरवलाल श्रेष्ठ, कोषाध्यक्षमा चन्द्रबहादुर राज भण्डारी र सचिवमा शम्भुलाल श्रेष्ठ चयन भएका छन्। निर्वाचन सम्पन्न गराउन दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा गठित निर्वाचन समितिमा निरञ्जन श्रेष्ठ, सुरसकुमार मानन्धर र संगीता बज्राचार्य सदस्यका रूपमा रहेका थिए। यसअघि अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष पालिखेले नेवा खल कास्कीले सञ्चालन गर्दै आएका गतिविधि र संस्थाले पुऱ्याउँदै आएको योगदानबारे प्रकाश पारेका थिए। उनले जिल्लामा क्रियाशील विभिन्न जातीय तथा सामाजिक संस्थासँग सहकार्य गरेर सञ्चालन गरिएका कार्यक्रम प्रभावकारी बन्दै गएको बताए।



नेवारी कला, संस्कृति, भाषा, परम्परा र मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धनका लागि संस्था निरन्तर क्रियाशील रहेको उल्लेख गर्दै उनले आगामी दिनमा पनि यस्ता गतिविधिलाई थप प्रभावकारी बनाउँदै लैजाने धारणा राखेका थिए।

कार्यक्रममा नेवा खल कास्कीका कार्यसमिति सदस्य, सल्लाहकार, संस्थागत तथा पदेन सदस्य र आमन्त्रित सदस्यहरूको सहभागिता रहेको थियो। त्यसैगरी नेवा ल्याम्ह पुच, नेवा मिसा पुच, नेवा पत्रकार पुच, नेवा भिगु भाय् भिगु संस्कृति, कास्की जिल्लामा क्रियाशील कचाः खल, पुच खल, नेवा टोल समिति तथा तायामचा नाच समितिका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

उद्घाटन सत्रको सञ्चालन संस्थाका महासचिव कृष्ण कतिलाले गरेका थिए।

कोन सहकारीसहित तीन संस्थालाई उत्कृष्ट करदाता सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

आन्तरिक राजस्व कार्यालय पोखराले विभिन्न कार्यक्रम आयोजना गरी राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०८३ सोमवार सम्पन्न गरेको छ। 'कर न्याय र सुशासनको सुनिश्चितता समृद्धिमा नागरिक सहभागिता' भन्ने मूल नाराका साथ सोमबार आयोजित कार्यक्रमबीच कर सप्ताह समापन गरिएको हो। यस वर्ष आन्तरिक राजस्व कार्यालय पोखराले कास्की जिल्लाबाट तीनवटा संस्थालाई उत्कृष्ट करदाताका रूपमा सम्मान गरेको छ। पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष माधव प्रसाद सिग्देल, टेम्पल ट्री रिसोर्ट एण्ड स्पाका अध्यक्ष बसन्त गौतम र पोखरा वडा नं ५ स्थित एक्सेस कन्स्ट्रक्सन प्रालिका संचालक विद्या लक्ष्मी लामिछानेलाइ सम्मानित गरिएको छ। राष्ट्रिय कर दिवस तथा कर सप्ताहको समापनका अवसरमा आयोजित विशेष समारोहमा कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ र आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुङ्गानाले तीन संस्थाका



पदाधिकारीहरुलाई दोसल्ला, माला तथा सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो। आर्थिक वर्ष २०८१ / ८२ मा आयकरतर्फ बढी कर दाखिला गरेका, कर बक्यौता नरहेका तथा कुनै पनि कर अवधिको कर विवरण बुझाउन बाँकी नरहेका करदातालाई उत्कृष्ट करदाताका रूपमा छनोट गरिएको आन्तरिक राजस्व कार्यालय पोखराले जनाएको छ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले राजस्व संकलनको लक्ष्य प्राप्त गर्न सम्बन्धित निकायले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्ने बताए। उनले करदाताको दर्ता, कर दायित्व, राजस्व दाखिला, दक्षता र करको दायरा विस्तारमा जोड दिँदै करका दरलाई उचित बनाउने तथा आवश्यकता अनुसार दण्ड र जरिवानाको व्यवस्था प्रभावकारी बनाउनुपर्ने धारणा राखे। नागरिक तथा व्यवसायीले आफ्नो कर दायित्व इमानदारीपूर्वक पूरा गर्दा राज्यको आर्थिक आधार बलियो हुने उनको भनाइ थियो। करबाट प्राप्त राजस्व नै मुलुकको विकास, सार्वजनिक सेवा प्रवाह र समृद्धिको प्रमुख आधार भएकाले सबैले कर तिर्ने संस्कारलाई आत्मसात् गर्नुपर्ने उनले बताए। आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुङ्गानाले कर कानुनको पालना गर्दै राजस्व संकलनमा योगदान पुऱ्याउने सम्पूर्ण करदाताप्रति आभार व्यक्त गरे। उनले कार्यालयबाट प्रदान गरिने सेवामा गुणात्मक सुधार गर्दै करदातामैत्री सेवा प्रवाहलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतम, पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष उमराज बास्तोला, स्याङ्जा चेम्बर अफ कमर्सका अध्यक्ष श्री गुरुङलगायत व्यवसायी संघसंस्थाका प्रतिनिधिले कर प्रशासन व्यवसायमैत्री हुनुपर्नेमा जोड दिए। उनीहरुले यवसाय सञ्चालनका लागि अनुकूल वातावरण निर्माण गर्न राज्यले आवश्यक पहल गर्नुपर्ने धारणा राखे। आन्तरिक राजस्व कार्यालय पोखराले चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म राजस्व संकलन लक्ष्यको १०४ प्रतिशत हासिल गरेको छ। कार्यालयको वार्षिक राजस्व संकलन लक्ष्य आठ अर्ब ५४ करोड ८७ लाख ८६ हजार रुपैयाँ रहेकामा कात्तिक मसान्तसम्म दुई अर्ब ३६ करोड पाँच लाख २९ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

कार्यालयले कात्तिक मसान्तसम्मका लागि निर्धारण गरिएको आयकरतर्फको लक्ष्यअनुसार एक अर्ब २६ करोड ८२ लाख ४९ हजार रुपैयाँ र मूल्य अभिवृद्धि करतर्फ ५४ करोड ९० लाख ९६ हजार रुपैयाँ संकलन गरेको जनाएको छ। कास्की र स्याङ्जा जिल्लालाई कार्यक्षेत्र बनाएको आन्तरिक राजस्व कार्यालय पोखरामा आयकरतर्फ ९० हजार करदाता दर्ता भएका छन्।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान) कास्कीको टिम पहिलो र आन्तरिक राजस्व कार्यालय पोखराको टिम दोस्रो भएको छ।

कर सप्ताहमा कर छुटलाई विशेष प्राथमिकता

आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिव प्रसाद ढुङ्गानाले कर सप्ताह कार्यक्रममा कर छुट कार्यक्रमलाई विशेष प्राथमिकतामा राखी प्रचार-प्रसार गरिएको बताउनुभयो। आर्थिक ऐन, २०८३ ले करको दायरामा नआएका करदाता तथा दायरामा आएर पनि आयविवरण दाखिला नगरेका, मू.अ.कर विवरण तथा कर निर्धारण भई राजस्व दाखिला गर्न बाँकी भएका करदातालाई विभिन्न छुट सुविधा प्रदान गरेको छ। कर छुट लिने अन्तिम म्याद पौष मसान्त सम्म रहेकोले समयमै कर छुट सुविधाको सदुपयोग गर्न प्रमुख कर अधिकृत ढुङ्गानाको अनुरोध रहेको छ।

धैरै कर तिर्ने करदातालाई सम्मान

कार्यक्रममा आन्तरिक राजस्व कार्यलय अन्तर्गत रहेका करदाता मध्ये सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिएको छ। सम्मानित हुनेहरूमा टेम्पल ट्रि रिसोर्ट प्रा.लि., एक्सेस कन्स्ट्रक्सन प्रा.लि. र कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन्।

कात्तिक मसान्त सम्मको राजस्व

आन्तरिक राजस्व कार्यालय पोखराले कार्तिक मसान्त सम्ममा राजस्व संकलन लक्ष्यको १०४ प्रतिशत राजस्व संकलन गर्न सफल भएको छ। कार्यालयको ८ अर्ब ५४ करोड ८७ लाख ८६ हजार राजस्व संकलन गर्ने वार्षिक लक्ष्य रहेकोमा कात्तिक मसान्त सम्ममा २ अर्ब ३६ करोड ५ लाख २९ हजार राजस्व संकलन भएको छ।

कार्यालयले कार्तिक मसान्त सम्ममाका लागि निर्धारित लक्ष्यको आयकर तर्फ १ अर्ब २६ करोड ८२ लाख ४९ हजार राजस्व संकलन गर्न सफल भएको छ। यसंगरी मूल्य अभिवृद्धि तर्फ ५४ करोड ९० लाख ९६ हजार संकलन गर्न सफल भएको छ।

कास्की र स्याङ्जा कार्यक्षेत्र रहेको आन्तरिक राजस्व कार्यालय पोखरामा आयकरमा दर्ता हुने करदाताको संख्या ९० हजार रहेका छन्। यसैगरी मू.अ.करमा १५ हजार १ सय २०, अन्तः शुल्कमा ५ हजार ५ सय ९६ दर्ता भएका छन्। व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या २ लाख ५२ हजार २ सय ५२ रहेको छ।

राष्ट्रिय कर ...

अन्तर्गत पोखरा उद्योग वाणिज्य संघमा आवद्ध व्यवासयीहरूबिच करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ।

मैत्रीपूर्ण फुटसल प्रतियोगिता

यसै अवसरमा मैत्रीपूर्ण फुटसल प्रतियोगिताका खेलहरू समेत आयोजना गरिएको थियो। खेलमा आन्तरिक राजस्व कार्यालय पोखरा, पोखरा अन्तर राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, पोखरा उद्योग वाणिज्य संघ, पोखरा चेम्बर अफ कमर्स, लेखनाथ उद्योग वाणिज्य संघ, नेपाल अडिटर्स एशोसिएसन (अडान), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान), पोखरा, र कर सहयोगी श्रमिक संगठन नेपाल, कास्कीबाट सहभागीता रहेको थियो। जसमध्ये

गण्डकी परिक्रमा महोत्सव सुरु

पोखरापत्र संवाददाता
दमौली, ७ मंसिर

प्रसिद्ध धार्मिकस्थल देवघाटधामको प्रचारप्रसार गर्ने उद्देश्यका साथ सोमबारदेखि गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको छ।

त्यस क्षेत्रको धार्मिक महत्व र भौतिक विकासलाई संवर्द्धन गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको कार्यक्रम संयोजक फणिन्द्रप्रसाद पौडेलले जानकारी दिनुभयो।

नेपाल सन्त समाजको आयोजना तथा देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिको समन्वयमा गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको हो। देवघाटधामको पूर्ण परिक्रमा गर्ने गरी सञ्चालन हुने २६ किलोमिटर लामो पदयात्रा महोत्सवमा विगतदेखि नै व्यापक जनसहभागिता रहँदै आएको छ। देवघाटधामको बेणी सङ्गमबाट सुरु हुने उक्त गण्डकी परिक्रमा यात्राअन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गङ्गा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर),



दुर्गा पाञ्चायन मन्दिर, चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दिर, लक्ष्मीनारायण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रिनाथ मन्दिर) को परिक्रमा गरिनेछ। चितवनतर्फ देवघाट बसपार्कको सङ्कल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरिनाथ गौशाला बागेश्वरी मन्दिर, आपँटारी दियालो बङ्गाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखरा बसपार्क, राजयोग सेवा केन्द्र नारयणगढ, हरिहर मन्दिर नारयणगढ र श्रीराम मन्दिर पुल्चोकको परिक्रमा हुनेछ।

यस्तै, नवलपुरतर्फ गैंडाकोट पुलचोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, शुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साँढेबगर बौद्ध गुम्बा, भुबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको छ। महोत्सवकोपूर्वसन्ध्यामाआइतबार देवघाटमा मोटरसाइकल च्याली निकालिएको थियो।

प्रेस ...

गरेको बताए। सरकारले प्रेस जगतमाथि आर्थिक र सूचनाको नाकाबन्दी लगाएको आरोप उनले लगाए। उनले अस्तित्व रक्षाका लागि पत्रकारहरू संगठित भएर अगाडि बढ्नुपर्नेमा जोड दिए। पत्रकार महासंघको केन्द्रले ल्याएका कार्यक्रमहरू अपेक्षाकृत सशक्त हुन नसकेको अनुभूति सुनाउँदै कार्कीले सरकारको ध्यानाकर्षण गराउन नसकिए अन्तर्राष्ट्रिय जगतको समेत ध्यान तान्ने गरी कार्यक्रम अगाडि बढाउनुपर्ने बताए। उनले तत्कालको कठिन परिस्थितिमा धैर्यता नगुमाई संगठित भएर आफ्ना मुद्दाहरू बुलन्द गर्न पत्रकारहरूलाई आग्रह गरे। पूर्व अध्यक्ष पुण्य पौडेलले देशमा कानुनी शासनको अभाव र स्वतन्त्रतामाथिको संकुचनका कारण पत्रकारिता क्षेत्र खुम्चिँदै गएको बताए। कानुनी शासनको बहाली गर्नका लागि समेत स्वतन्त्रता अनिवार्य सर्त रहेको उनले उल्लेख गरे।

नेपाल पत्रकार महासंघ कास्कीका सल्लाहकार दीपेन्द्र श्रेष्ठले महासंघ कमजोर बन्दै गएको बताए। उनले अब छलफलका लागि मात्र छलफल नगरी आन्दोलनका ठोस कार्यक्रम तय गर्नुपर्नेमा उनको जोड थियो। नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले वर्तमान सरकारको मिडियाप्रतिको दृष्टिकोण निरंकुश रहेको र सरकार मिडियामैत्री नभएको बताए। सरकारले विज्ञापन रोकेर मिडियामाथि आर्थिक नाकाबन्दी लगाउँदै 'साइजमा ल्याउने' प्रयास गरिरहेको उनको भनाइ थियो।

कार्यक्रममा नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष बासुदेव मिश्र, प्रेस सेन्टर नेपाल कास्कीका अध्यक्ष दीननाथ बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्थामगर, नेपाल पर्यटन पत्रकार संघका अध्यक्ष अध्यक्ष हरी बास्तोला, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मी, सचिव भूपाल गुरुङलगायतले पत्रकारको अस्तित्व रक्षाका लागि एकजुट हुनुपर्ने बताएका थिए।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

सम्पादकीय

प्रधानमन्त्री भारत भ्रमण मुल मुद्धा जस्ताको तस्तै

प्रधानमन्त्री बालेन शाहको भारत भ्रमण सम्पन्न भए पनि दुई देशबीच रहेका समस्याको गाँठो जस्ताको तस्तै रहेको छ । कालापानी, लिपुलेक र लिम्पियाधुराको विवाद र सुस्ताको सिमा विवादबारे मौनता । तीन दशक पुग्दा पनि पञ्चेश्वर परियोजना अघि नबढ्नु र दुई देशका प्रबुद्ध व्यक्ति समूहले तयार पारेको साझा प्रतिवेदन बारे उल्लेख नहुनु भ्रमण भारतको चाहनामा भएको हो भन्ने भान परेको छ । भ्रमणमा भारतले विकास परियोजनाका लागि दुई खर्ब चालिस अर्ब सहायता दिने सहमति भएको छासहायता मध्ये २३ प्रतिशत अनुदान र ७७ प्रतिशत ऋण रहेको छ । करिब दुई तिहाइ बहुमतको प्रधानमन्त्रीले भारतसामु उठाउनुपर्ने विषयमा चर्चा नगरी धेरैजसो पुरानै र केही नयाँ क्षेत्रमा सहयोगले मात्र भ्रमण उपलब्धिमूलक मान्न सकिदैन ।

काठमाडौं महानगरपालिकाको मेयर हुँदा आफ्नो कार्यकक्षमा 'ग्रेटर नेपाल' को नक्सा राखेका बालेनले प्रधानमन्त्री बनेपछि पनि कालापानी, लिपुलेक र लिम्पियाधुराको विवादमा बेलायतको समेत चासो हुनुपर्ने कुरा संसदमै बोलेका थिए । यसबारे भारत सरकारलाई औपचारिक कूटनीतिक नोट पठाइएको जानकारी दिँदै उनले सीमा विवाद सल्टाउन चीन र बेलायतसँग कुरा गरिरहेको बताएका थिए। यी सबै कुरा टेबल टक र कूटनीतिक माध्यमबाट समाधान हुने जानकारी गराउन चाहन्छौं।भनेका प्रधानमन्त्रीले सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको वार्तापछि दुवै नेताले आफ्नो सार्वजनिक सम्बोधनमा सीमा विवादको विषय उठाएनन् । मोदीले त उठाएनन् उठाएनन्, बालेन पनि यसबारे मौन रहे ! दुई देशले जारी गरेको २४ बुँदे संयुक्त प्रेस विज्ञप्तिमा पनि यो विषय एक बुँदामै सीमित छ।

सीमा विवाद मात्र होइन, तीन दशकदेखि अड्किएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनामा पनि नयाँ सहमति भएको छैन । सन् २०२३ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण क्रममा तीन महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुंग्याउने सहमति भएको थियो । त्यो काम तीन वर्षभन्दा बढी समय बित्दा पनि पूरा भएको छैन। यसपटक बालेन र मोदीले पनि डिपिआर शीघ्र टुंग्याएर आयोजना कार्यान्वयन अघि बढाउन निर्देशन दिएका छन् । नेपालले दुई अर्ब अमेरिकी डलर आर्थिक सहायता मागेको थियो। भारतले करिब १ अर्ब ६२ करोड डलर बराबरको सहायता घोषणा गरेको छ । नेपालले मागेको तुलनामा अनुदानको हिस्सा कम र ऋण बढी छ ।

पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसके पनि पश्चिमबाट आउने अन्तर्राष्ट्रिय उडानका लागि सहज प्रवेशमार्ग उपलब्ध छैन। नेपालले विशेषगरी महेन्द्रनगर र नेपालगन्जबाट थप प्रवेशमार्ग माग्दै आएको छ । यसपटक भारतले विद्यमान बी-३४५ काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने सहमति जनाएको छ। यो हवाई सम्पर्क सुधार गर्ने दिशामा प्रगति हो । तर यसलाई नेपालले मागेका सबै अन्तर्राष्ट्रिय उडानका लागि पश्चिमबाट नयाँ प्रवेशमार्ग पाएको अर्थमा बुझ्न मिल्दैन। यसको कार्यान्वयन प्रक्रिया पनि प्राविधिक परामर्शबाट टुंग्याउन बाँकी छ । नेपालले भैरहवा-कुशीनगर, पोखरा-वाराणसी, नेपालगन्ज-दिल्ली लगायत भारतका प्रमुख सहरबाट भैरहवा र पोखरासम्म सिधा हवाई सेवा सञ्चालनको प्रस्ताव पनि गरेको थियो । तर यस्ता क्षेत्रीय उडानबारे कुनै घोषणा भएको छैन । यसको सट्टा भिजन पेपरमा 'हवाई पहुँच तथा सम्पर्क सञ्जाल सुदृढ बनाउन नयाँ पारवहन मार्ग र हवाई मार्गहरू खोल्ने' सम्म भनिएको छ। दुवै देशबीच आर्थिक सहकार्य, व्यापार, ऊर्जा, प्रविधि, शिक्षा, पर्यटन लगायत १० क्षेत्रमा आगामी दिनमा सहकार्य गर्ने मार्गचित्र प्रस्तुत गरिएको छ। तर द्विपक्षीय सम्बन्धलाई नयाँ आधारमा अघि बढाउने भन्दै नयाँ भिजन पेपर जारी गरेका दुवै देशले त्यही उद्देश्यका लागि आठ वर्षअघि तयार पारेको प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदनबारे केही बोलेका छैनन् । यो प्रतिवेदन सन् २०१८ जुलाईमै तयार भएको थियो । तर भारतले अहिलेसम्म औपचारिक रूपमा बुझेको छैन ।

नेपाल र भारतले सन् २०१६ मा चार-चार जना सदस्य रहने गरी आठ सदस्यीय इपिजी गठन गरेका थिए । यसको मुख्य उद्देश्य सन् १९५० को शान्ति तथा मैत्री सन्धिसहित दुई देशबीचका पुराना सन्धि-सम्झौता पुनरवलोकन गर्ने र बदलिएको परिस्थिति अनुसार सम्बन्ध अघि बढाउने सुझाव दिनु थियो । नेपालका तर्फबाट पूर्वपरराष्ट्रमन्त्री भेषबहादुर थापा र भारतका तर्फबाट भगतसिंह कोश्यारीले समूहको नेतृत्व गरेका थिए । दुई वर्षसम्म छलफल गरेर इपिजीले साझा प्रतिवेदन तयार गऱ्यो । तर भारतीय प्रधानमन्त्री मोदीले प्रतिवेदन बुझ्न समय नदिएपछि औपचारिक हस्तान्तरण हुन सकेन । यसबीच नेपालले पटकपटक प्रतिवेदन बुझ्न भारतलाई आग्रह गरेको छ। तर आठ वर्षसम्म पनि प्रतिवेदनको भविष्य टुंगिएको छैन । अझ रोचक कुरा, बालेन र मोदीले सोमबार जारी गरेको नयाँ भिजन पेपरमा सन् १९५० को शान्ति तथा मैत्री सन्धिसहित विद्यमान द्विपक्षीय सम्झौताहरू आपसी सहमतिका आधारमा पुनरवलोकन गर्न सकिने उल्लेख छ। समस्या र समाधानका उपायहरू सुझाएको प्रतिवेदन नबुझेर भिजन पेपर भनेर नयाँलाई भुलाउने र खेलाउने चाल हो ।

तपाईको आज

मेष	: शारीरिक झमेला	तुला	: आर्थिक समस्या
वृष	: सत्कार मिल्नेछ	वृश्चिक	: कार्यमा सफलता
मिथुन	: मानसिक तनाब	धनु	: झमेला बढ्ने
ककर्ट	: सहयोग मिल्नेछ	मकर	: शत्रुको भय
सिंह	: स्वास्थ्यमा सुधार	कुम्भ	: ब्यापारमा लाभ
कन्या	: शुभ यात्रा	मीन	: अप्रत्यसित लाभ

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

माउन्ट अन्नपूर्ण माविमा बार्षिक खेलकुद शुरु

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर

पोखरा ३, नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा ३ दिने बार्षिक खेकुदका कार्यक्रमहरु शुरु भएका छन् । सोमवारबाट शुरु भएका खेलकुदका कार्यक्रम बुधवार सम्म सञ्चालन हुने बिद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठले बताए ।

खेलकुदका कार्यक्रममा विद्यालयको कक्षा ११ र १२ मा अध्ययनरत बिद्यार्थीहरुको सहभागिता रहनेछ । बिद्यालयमा स्थापना भएकोगेम्स एण्ड स्पोर्ट्स कल्वको आयोजनामा हुने खेलहरुमा बास्केटबल, भलिबल, टेबल टेनिस, ब्याडमिन्टन,छेलो र फुटसलका खेलहरु समावेश हुने खेल शिक्षक ऐन्जल पुनले बताए। उक्त खेलहरु बिद्यालयमा,इलाइट भलिवल एकेडेमी नदिपुर र शाक्य समाज भवन नदिपुरमा हुनेछन् । विद्यालयका प्राचार्य सन्द्रराज श्रेष्ठ, प्रशासनिक प्रमुखहरू चित्र गुरुङ र झम गुरुङ, अतिरिक्त क्रियाकलाप निर्देशक तेजबहादुर गुरुङ, प्लस टु संयोजक गोबिन्द सुवेदी, गेम्स एण्ड स्पोर्ट्स कल्वका अध्यक्ष पङकज श्रीस र बिभागिइ. प्रमुख रेफ्री लेखनाथ लम्साललाई संयुक्त रुपमा बल हस्तान्तरण उद्घाटन गरेका थिए ।

उद्घाटन कार्यक्रममा बोल्दै अतिरिक्त क्रियाकलाप निर्देशक तेजबहादुर गुरुङले खेलकुदमा सहभागिता नै महत्वपूर्ण हुने उल्लेख गर्दै हारजितलाई स्वाभाविक रूपमा लिनुपर्ने बताए। उनले खेलकुदले विद्यार्थीलाई शारीरिक रूपमा स्वस्थ र मानसिक रूपमा सबल बनाउनुका साथै नेतृत्व क्षमता, समूहमा मिलेर काम गर्ने बानी र अनुशासनको विकास गराउने बताए ।

प्रतियोगिताको पहिलो दिन भलिबल र छेलोका खेलहरु सम्पन्न भएका छन् । कक्षा १२ मा अध्ययनरत गेम्स एण्ड स्पोर्ट्स कल्व अध्यक्ष पङकज श्रीसको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कक्षा १२ कि छात्रा प्रिति पाइजा र सञ्चालन कक्षा १२ कै छात्रा सोनि गिरीले गरेकि हुन् । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट कम्प्युटर साइन्स र माउंटेनियरिङ बिषयमा कक्षा १२ सम्म पढाइ हुन्छ। यो गण्डकी प्रदेशकै निजी स्तरबाट सञ्चालित पहिलो बिद्यालय हो ।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ६ साविक हरिचौर गा.वि.स. वडा नं. ९ निवासी भारतीय भू.पू. सैनिक नं ५०४४६८० ए हवल्दार ३/१ जि.आर. का सम्मर बहादुर थापाको श्रीमती दिल कुमारी बस्नेतको नेपाली नागरिकतामा भएको नामथर र जन्म मिति र श्रीमानको भारतीय पेन्सन अभिलेखमा भएको नामथर र जन्ममिति तपशिल बमोजिमको फरक परेता पनि व्यक्ति फरक नभ ई एउटै भएको भनी गलकोट नगरपालिका, ६ नं. वडा कार्यालय, चरौंदी, बागलुङको च.नं. ३४४, मिति २०८३/०८/०३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

तपशिल:

क्र.सं.	नेपाली ना.प्र. को नामथर र जन्म मिति	भारतीय पेन्सन अभिलेखको नामथर र जन्म मिति
१	नामथर: दिल कुमारी बस्नेत जन्ममिति: वि.सं. २०२७/०९/२० (A.D 1971 जनवरी 04)	नामथर: दिल कुमारी थापा जन्ममिति: वि.सं. २०२८/०९/२१ (A.D 1972 जनवरी 05)

जिल्ला प्रशासन कार्यालय, बागलुङ

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक बाहुनडाँडा गा.वि.स. वडा नं. ३ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०६ निवासी भारतीय भु.पू. सैनिक नं. ६३०९००१ N नायक कन्य रास घलेको श्रीमती हिरा देवी घलेले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. ४७१९ मा नामथर हिरा देवी घले भएको र जन्ममिति ई.स. १९४९/०३/०३ भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा हिरा देवी र जन्ममिति ई.स. १९५१ भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका, ०६ नं. वडा कार्यालयको च.नं. २२२, मिति २०८३/०५/३१ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, लमजुङ

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. २ नरेठाँटी (साविक नरेठाँटी गा.वि.स. वडा नं. २) निवासी भारतीय भू.पू. सैनिक नं. ६१७५८२ Y का सुवेदार खिम बहादुर थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर कृष्ण बहादुर श्रेष्ठ भन्ने खिम बहादुर थापा र जन्म मिति वि.सं. २०२०/०६/१० (ई.सं. १९६३/०९/२६) उल्लेख भएको र निजको पेनसन डकुमेन्टमा नाम थर खिम बहादुर थापा र जन्म मिति ई.सं. १९६४/०६/१८ उल्लेख भई फरक परेको साथै निजको श्रीमती ना.प्र.नं. १२-६६० को बीष्णु कुमारी श्रेष्ठको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर बीष्णु कुमारी श्रेष्ठ र जन्म मिति वि.सं. २०२६/११/२० (ई.सं. १९७०/०३/०३) उल्लेख भएको र निजको पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर बीष्णु थापा र जन्म मिति ई.सं. १९६७/०७/०५ उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, २ नं. वडा कार्यालय, नरेठाँटी, बागलुङको च.नं. ३६६ मिति २०८३/०८/०२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ

पञ्चकोटमा ठडिँदै १०८ फिट अग्लो विश्वशान्ति कलश

पोखरापत्र संवाददाता
बागलुङ, ७ मंसिर



धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको बागलुङको पञ्चकोटमा १०८ फिट अग्लो विश्वशान्ति गण्डकी कलश निर्माणले गति लिएको छ।

बजेट अभावका कारण लामो समय रोकिएको कलश निर्माण अहिले सङ्घीय सरकारको बहुवर्षीय योजनामार्फत अघि बढाइएको छ । बागलुङ नगरपालिका-६ स्थित सर्वसिद्धिधाम पञ्चकोटमा सङ्घीय सरकारको सहरी विकास तथा भवन निर्माण विभागमार्फत रु सात करोड लागतमा कलश निर्माण भइरहेको छ। तेह्र तलाको संरचना निर्माण गरिने कलशको अहिले तेह्रौं तलाको ढलान तयारी भइरहेको छ । स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा पञ्चकोटलाई विश्वस्तरको धार्मिक तथा पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले १२ वर्षअघि कलश निर्माणको शिलान्यास गरिएको थियो । विसं २०७१ मा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासहित विशिष्ट व्यक्तिको उपस्थितिमा शिलान्यास भए पनि बजेट अभावका कारण निर्माणले गति लिनसकेको थिएन । तर पञ्चकोटमा करोडौंका अन्य सहायक संरचना निर्माण भएर धार्मिक पर्यटकहरू भने तान्दै आएको छ । पञ्चकोट विकास परिषद्का अध्यक्ष जगन्नाथ आचार्यका अनुसार एक वर्षयता बहुवर्षीय योजनामार्फत रु सात करोड बजेटमा ठेक्कामार्फत कलश निर्माणले गति लिएको हो । आगामी दुई वर्षभित्र बाहिरी संरचनाको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । लिफ्टसहित १३ तलाको कङ्क्रिट संरचना निर्माण गरी बाहिरबाट १०८ फिट अग्लो देखिने कलश बनाउने गुरुयोजना छ । बाहिरी संरचना निर्माण ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिनेछ भने कलशको स्वरूप र भित्री संरचना निर्माणका लागि दान तथा सहयोग जुटाउने योजना रहेको आचार्यले बताउनुभयो । कलश पूर्ण रूपमा निर्माण सम्पन्न गर्न रु ४५ करोडभन्दा बढी खर्च लाग्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा उल्लेख छ । सरकारी सहयोग, विभिन्न समयमा आयोजना गरिएका महायज्ञ र भक्तजनबाट प्राप्त दान तथा सहयोग जुटाएर निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ। जलसम्पदाको संरक्षण र संवर्द्धनको सन्देश प्रवाह गर्ने उद्देश्यले निर्माण गर्न लागिएको विश्वशान्ति गण्डकी कलशलाई नदी तथा जलका विभिन्न स्वरूपको प्रतीकका रूपमा विकास गरिनेछ । गण्डकी सभ्यता र जल संरक्षणको महत्त्व उजागर गर्दै विश्वकै ठूलो र अग्लो कलश बनाउने लक्ष्य रहेको परिषद्ले जनाएको छ । कलश निर्माण सम्पन्न भएपछि पञ्चकोटको धार्मिक तथा पर्यटकीय आकर्षण थप बढ्ने र वैदिक सनातन धर्मावलम्बीका लागि आस्थाको महत्त्वपूर्ण केन्द्र बन्ने अपेक्षा गरिएको छ । यसले स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत योगदान पुर् याउने विश्वास गरिएको छ । पञ्चकोटमा अहिले दैनिक सयौं पर्यटक अवलोकन तथा भ्रमणका लागि आउने गरेका छन् । स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाले पाँचकोटको सङ्गमस्थललाई आधार बनाएर पञ्चकोट धामको परिकल्पना गर्नुभएको थियो । त्यसपछि यहाँ विभिन्न धार्मिक तथा पर्यटकीय संरचना निर्माण हुँदै आएका छन् ।

हाल पञ्चकोटमा सुविधासम्पन्न तीनतले आवासीय भवन, गण्डकी माता मन्दिर, शिशमहल, पाँच हजार ५५५ किलोको महाघण्ट, हनुमान शिला, गरुड शिलालगायत संरचना निर्माण भइसकेका छन् । कलश निर्माणले पूर्णता पाएसँगै पञ्चकोट धार्मिक पर्यटनको थप आकर्षण बन्ने अपेक्षा गरिएको छ ।

गुल्मी हाइड्रो प्रा.लि.

का.म.न.पा.वडा नं. २९, अनामनगर, काठमाण्डौ

बोलपत्र आह्वान सूचना (Invitation to Bid)

प्रकाशित मिति: २०८३/०८/०८

यस गुल्मी हाइडो प्रा.लि. ले गण्डकी प्रदेश, म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं.३ मा तल्लो रुप्से खोला जलविद्युत आयोजना (ROR) १.८६ मे.वा. निमार्णको लागि Civil Works, Electro Mechanical तथा Hydro Mechanical Works कार्य गर्नको लागि योग्य इच्छुक बोलकर्ताहरुबाट बोलपत्रहरु आह्वान गर्दछ । इच्छुक तथा योग्य बोलकर्ताहरुले थप जानकारी गुल्मी हाइड्रो प्रा.लि. को कार्यालय तथा कम्पनीको फोन नं. मार्फत प्राप्त गर्न सक्नुहनेछ ।

क्र. स.	सूचना नं.	बोलपत्र विवरण	बोलपत्र दस्तावेज शुल्क (रु.)	बोलपत्र पेश गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति
१	२०८३/०८४-०१	• Civil Works • Electro Mechanical • Hydro Mechanical Works	१,०००/-	२०८३/०८/२३	२०८३/०८/२४

फोन नं. ०६१-४५०१३६, ९७७-९८५६०८८९७६

कन्चन उर्जा प्रा. लि.

पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन, कास्की

बोलपत्र आह्वान सूचना (Invitation to Bid)

प्रकाशित मिति: २०८३/०८/०८

यस कन्चन उर्जा प्रा.लि. ले सुदुरपश्चिम प्रदेश, बैतडी जिल्ला, डिल्लासैनी गाउँपालिका वडा नं. १ र २ मा गण्डीगाड साना जलविद्युत आयोजना (ROR)-१ मे.वा. निमार्णको लागि Civil Works, Electro Mechanical तथा Hydro Mechanical Works कार्य गर्नको लागि योग्य इच्छुक बोलकर्ताहरुबाट बोलपत्रहरु आह्वान गर्दछ । इच्छुक तथा योग्य बोलकर्ताहरुले थप जानकारी गुल्मी हाइड्रो प्रा.लि. को कार्यालय तथा कम्पनीको वेवसाइड तथा फोन नं. मार्फत प्राप्त गर्न सक्नुहनेछ ।

क्र. स.	सूचना	बोलपत्र विवरण	बोलपत्र दस्तावेज शुल्क (रु)	बोलपत्र पेश गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति
१.	२०८३/०८४-०१	• Civil Works • Electro Mechanical • Hydro Mechanical Works	१,०००।-	२०८३/०८/२३	२०८३/०८/२४

फोन नं. ०६१-४५०१३६, ९७७-९८०११३६०७१
इमेल: info@kanchanurja.com.np

२२ औं लेखनाथ महोत्सव पुस २ गतेदेखि

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर



लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गर्ने २२औं लेखनाथ महोत्सव आगामी पुस २ गतेदेखि १३ गतेसम्म सञ्चालन हुने भएको छ । "महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र समृद्धि" भन्ने नारासहित आयोजना हुने महोत्सवबारे जानकारी दिन सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा सो जानकारी दिईएको हो ।

पत्रकार सम्मेलनमा संघका अध्यक्ष जानुका पराजुली अधिकारीले विषम आर्थिक परिवेशमा महोत्सव आयोजना गर्नु चुनौतीपूर्ण भए पनि सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन र स्थानीय उत्पादनको बजारीकरण गरी कृषकलाई सम्भावनाको बाटो देखाउन यसलाई निरन्तरता दिइएको बताइन् । "वर्तमान परिवेशमा निजी क्षेत्रको मनोबल केही खस्किएको छ। बैंकमा तरलता प्रशस्त भए पनि लगानीमैत्री वातावरण नभएकाले निजी क्षेत्र लगानी गर्न इच्छुक देखिएको छैन," उनले भनिन् । अनुगमनका नाममा हुने हैरानी र व्यवसायमैत्री नभएको कर प्रणालीप्रति पनि उनले चिन्ता व्यक्त गरिन् । महोत्सव सिक्ने र सिकाउने थलो बनेको र यसलाई अनौपचारिक विश्वविद्यालयका रूपमा स्थापित गर्न सफल भएको उनको भनाइ थियो । महोत्सव प्रचारप्रसार उपसमितिका संयोजक तथा संघका द्वितीय उपाध्यक्ष ध्रुवबाबु भट्टराईले महोत्सवमा औद्योगिक व्यापार मेला, हस्तकला, दैनिक उपभोग्य सामग्री, विद्युतीय उपकरण, फर्निचर, सूचना प्रविधि र सञ्चार उपकरणका साथै स्थानीय सुन्तला, माछा, मौरी, कफी, ताजा तरकारी र दुग्धजन्य उत्पादनको बिक्री तथा प्रदर्शनी हुनेछ। फुड फेस्टिभल, अटोमोबाइल र ग्रामीण प्रविधिको प्रदर्शनी, कृषि, पर्यटन र उद्योगबारे संवाद कार्यक्रम पनि रहनेछन् । महोत्सवको आकर्षणका रूपमा 'एसियाको ज्योति' तथा शान्तिका दूत मानिने गौतम बुद्धको प्रतिमा राखिने जानकारी दिए ।

महोत्सव अर्न्तगत सांस्कृतिक कार्यक्रमतर्फ विभिन्न जातजातिका रीतिरिवाज तथा सांस्कृतिक प्रदर्शनी, झाँकी ज्याली, भेषभूषा प्रदर्शनी, महिला विशेष रत्यौली, विद्यालयस्तरीय नृत्य र कवि शिरोमणि लेखनाथ पौडेलको सम्झनामा साहित्यिक कार्यक्रम हुनेछन् । यसैगरी पप कन्सर्ट, लाइभ ब्यान्ड, राष्ट्रिय स्तरका कलाकारको लोकदोहोरी, स्टेज सो (हास्यव्यङ्ग्य), बाल उद्यान, टिकटक प्रतियोगिता, बृहत् साइकल ज्याली र उत्कृष्ट स्टल पुरस्कार पनि आयोजनामा समेटिएका छन् ।

महोत्सवमा रहने ३३५ वटा स्टलमा गार्मेन्ट तथा रेडिमेट कपडा र फुटवेयरका सबैभन्दा बढी ११२ स्टल छन्। कृषि तथा पशुजन्य वस्तुका ४०, किचन सामग्रीका २६, जनरल स्टल २४, फुड एन्ड बेभरेज १८, खाना महोत्सव १७, हस्तकला १४, शैक्षिक/ग्रामीण प्रविधि/कृषि प्रदर्शनी १३, डेरी १३, मेसिनरी १२, नेपाली उत्पादन प्रदर्शनी १०, अटो प्रदर्शनी ६ र बैंक, वित्तीय संस्था तथा प्रायोजकका ३० स्टल हुनेछन् । संघका सदस्यले आफ्नै स्टल राखे २० प्रतिशत छुट र सामान ढुवानीका लागि थप रु. २ हजार छुट पाउनेछन्। सदस्यका लागि स्टल बुकिङ मंसिर ७ गते सोमबारदेखि नै खुला गरिएको छ भने अन्य व्यवसायीका लागि मंसिर ११ गतेदेखि खुला हुनेछ। प्रवेश टिकट विद्यार्थीका लागि रु. ५०, सर्वसाधारणका लागि रु. १०० र सुगम सङ्गीत (कन्सर्ट) का लागि रु. २०० तोकिएको छ।

आयोजकका अनुसार महोत्सवमा करिब २ लाख ७० हजार दर्शक आउने र १२ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको छ। १ करोड ५ लाख रुपैयाँ आम्दानी र ८५ लाख रुपैयाँ खर्च हुने भएकाले २० लाख रुपैयाँ बचत हुने अनुमान छ। बचत रकम सात तालको संरक्षण तथा प्रवर्द्धन, नवउद्यमी उत्पादन, उद्यमशीलता विकास, औद्योगिक क्षेत्र निर्माणको पहल, पर्यटन प्रवर्द्धन र सामाजिक उत्तरदायित्वका कार्यमा खर्च गरिनेछ । महोत्सव व्यवस्थित रूपमा सञ्चालन गर्न हालसम्म १० जना निर्देशक, ५५ सल्लाहकार, ५० उपसमिति संयोजक, ९० कार्यसम्पादन समिति सदस्य, १२० मूल समारोह समिति सल्लाहकार र ३०० मूल समारोह समिति सदस्य रहने गरी समिति गठन गरिएको छ ।

मुख्य प्रायोजकको तर्फबाट संघका द्वितीय उपाध्यक्ष विक्रम कर्माचार्यले एग्रो थाई फुड्सले स्वदेशमै उत्पादन थालेपछि ऊर्जा पेयको आयातमा खर्चिने करिब हजार करोड रुपैयाँ बराबरको विदेशी मुद्रा जोगिएको बताए। उनका अनुसार कम्पनीले पाँचवटा प्लान्ट जडान गरेको छ, जसले तराईका उखु उत्पादक कृषकलाई लाभ पुऱ्याएको, विद्युत् खपत बढाएको र हजारौँ युवालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी दिएको छ। "नेपाली उद्योगले आक्रामक ढङ्गले काम गरे आयात विस्थापन गर्न सकिन्छ," उनले भने ।

पत्रकार सम्मेलनमा धन्यवाद ज्ञापन गर्दै वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बाँस्तोलाले महोत्सव सफल बनाउन सञ्चारमाध्यम, उद्योगी व्यवसायी, नागरिक समाज, विभिन्न संघसंस्था, कलाकार तथा स्थानीयवासीको सहयोग महत्वपूर्ण हुने भन्दै सबैलाई सहभागिताका लागि आग्रह गरेका थिए भने कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझाले गरेका थिए ।

महोत्सवको आयोजकमा लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघ रहेका छन भने सहआयोजकमा गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय र उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश छन् भने प्रवर्द्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड र मुख्य प्रायोजकमा एग्रो थाई फुड्स प्रालि (म्याक्स टाइगर एनर्जी ड्रिङ्क) रहेको छ ।

कृषक र प्राविधिकले गरे कृषि तथा वातावरणमैत्री प्रविधिको अध्ययन अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर



पोखराका कृषकहरुले काठमाडौं र ललितपुरमा पुगेर कृषि तथा वातावरणमैत्री प्रविधिको अध्ययन अवलोकन गरेका छन ।

आधुनिक कृषि प्रविधि, वन संरक्षण, पानीका मुहानको पुनर्जीवन र वातावरणमैत्री खेती प्रणालीबारे व्यावहारिक ज्ञान दिने उद्देश्यले पोखराका कृषकहरुलाई प्राविधिक सहित स्थलगत अध्ययन अवलोकन गराइएको हो । पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखाको आयोजनामा शनिबार र आइतबार भएको अवलोकन भ्रमणमा कृषक तथा कृषि प्राविधिक गरी ३५ जनाको सहभागिता थियो । भ्रमणका क्रममा सहभागीले अन्तर राष्ट्रिय कृषि यान्त्रीकरण प्रदर्शनीसँगै गोदावरीस्थित इसिमोडले विकास गरेको ज्ञान तथा सिकाइ केन्द्रका विभिन्न गतिविधि अवलोकन गरेका थिए । इसिमोडले गोदावरीमा वन संरक्षण, क्षयग्रस्त जमिनको पुनःस्थापना, पानीका मुहान संरक्षण, वर्षाको पानी संकलन, दिगो कृषि र वैकल्पिक ऊर्जासम्बन्धी प्रविधिको परीक्षण तथा प्रदर्शन गर्दै आएको छ।

सहभागी कृषकले यी प्रविधिको प्रयोग, उपयोगिता र स्थानीयस्तरमा गर्न सकिने अभ्यासबारे जानकारी लिएका थिए । गोदावरीमा इसिमोडले कृषि उत्पादनसँगै प्राकृतिक स्रोतको संरक्षणलाई जोडेर विभिन्न नमुना अभ्यास , भिरालो जमिनमा खेती गर्ने प्रविधि, माटोको उर्वराशक्ति जोगाउने उपाय, प्राङ्गारिक मल उत्पादन, थोपा सिँचाइ, मौरीपालन, च्याउ खेती तथा फलफूल उत्पादनजस्ता गतिविधि गर्दै आएको इसिमोडका जम्बु शेर्पाले बताए । पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले किसानलाई प्रविधिबारे सैद्धान्तिक जानकारी दिनुभन्दा त्यसको प्रयोग भइरहेको स्थानमै लगेर देखाउँदा बढी प्रभावकारी हुने बताए । प्रत्यक्ष अवलोकन र प्रयोगको विधि बुझ्न पाउँदा किसानलाई आफ्नो खेती प्रणालीमा नयाँ प्रविधि अपनाउन सहज हुने उनको भनाइ थियो । भ्रमणमा सहभागी कृषकहरूले विभिन्न कृषि प्रविधि तथा वातावरणमैत्री अभ्यासबारे प्रत्यक्ष जानकारी लिने अवसर पाएको बताएकाथिए।आफूहरूको खेतीको प्रकृति र आवश्यकताअनुसार उपयोगी प्रविधि अपनाउने उनीहरूको भनाइ थियो ।

एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा वालिङ नगरपालिका वडा नं ५ मिनाङकोट निवासी भारतीय भु.पु. सैनिक नं. ५२४३७४६ का नायक कुलवीर थापाको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर कुलवीर खड्का थापा र निजको भारतीय सैनिक अभिलेखमा कुलविर थापा जन्म मिति २०१६।१०।२९ ई.स. 1960 FEB 14 भई फरक फरक नाम थर र जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरि दिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २०९ मिति २०८३/०७/१९ को पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा वालिङ नगरपालिका वडा नं ५ मिनाङकोट निवासी भारतीय भु.पु. सैनिक नं. ५२४३७४६ का नायक कुलवीर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर सीता कुमारी खड्का र निजको भारतीय सैनिक अभिलेखमा रेवती थापा जन्म मिति २०२१।०९।२० ई.स. 1964 DEC 10 भई फरक फरक नाम थर र जन्ममिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं २१० मिति २०८३/०७/१९ को पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

राष्ट्रिय स्वास्थ्य पत्रकारिता पुरस्कार राम थापालाई

पोखरापत्र संवाददाता
पोखरा, ७ मंसिर



राष्ट्रिय स्वास्थ्य पत्रकारिता पुरस्कार २०८२ बाट पत्रकार राम थापालाई सम्मान गरिने भएको छ।

युआरएल फाउन्डेसनले स्थापना र सञ्चालन गरेको यो पुरस्कारको राशि नगद ३३ हजार तीन सय ३३ र ताम्रपत्र छ।

गलकोट-७, मल्म, बागलुङ स्थायी घर भएका थापा राष्ट्रिय समाचार समितिमा कार्यरत छन् । नेपाल पत्रकार महासंघ बागलुङका अध्यक्षसमेत रहेका उनी राम थापा 'अविरल'का नाममा साहित्य र गीत लेखनका पनि सक्रिय छन् ।

दुई दशकदेखि यो क्षेत्रमा क्रियाशील थापाले पत्रकारितामा सक्रियतासँगै स्वास्थ्य क्षेत्रका गतिविधि र समस्यालाई समेत उजागर गरेकाले पुरस्कृत गर्ने निर्णय भएको प्रतिभा छनोट समिति संयोजक केशवशरण लामिछानेले बताए । छनोटसमितिमापत्रकारद्वयफडिन्द्र अकिञ्चन र ऋषि खतिवडा, युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थ र प्रबन्ध निर्देशक गणेशप्रसाद कोइराला सदस्य छन् ।

१३ वर्षअघि पोखराको न्युरोडमा स्थापना भएको गण्डकी प्रदेशकै पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले युआरएल फाउन्डेसनलाई प्रवर्धन गरेको छ। फाउन्डेसनको यो पुरस्कारबाट हालसम्म जमुना वर्षा शर्मा, दीपेन्द्र श्रेष्ठ, आरजू विष्ट 'सल्यानी', हरि बास्तोला, प्रदीप पौडेल, सुरेन्द्र पौडेल, यदुनाथ बञ्जारा र ऋषि खतिवडा सम्मानित भइसकेका छन् । फाउन्डेसनले प्रदान गर्दै आएको लाइफ टाइम एचिभमेन्ट अवार्ड भने यो वर्ष स्थगन गरिएको छ। युआरएलका अध्यक्ष पन्तले युआरएलको यही मंसिर २३ गते हुने वार्षिकोत्सव समारोहमा पुरस्कार अर्पण गरिने जानकारी दिए ।

एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. २२ (साविक पुम्दीभुम्दी-८) निवासी भारतीय भु.पु.नं. 5042420W नायक पम बहादुर भुजेलको श्रीमतीको नामथर नागरिकतामा तेज कुमारी भुजेल र भारतीय पेन्सन अभिलेखमा मती गुरुङ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका २२ नं. वडा कार्यालय, कास्कीको च.नं. २६६१ मिति २०७५/३/१० को सिफारिसपत्रबाट लेखि आएकोले नियमानुसार हुन अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय कास्की

फार्मेसी लाइसेन्स हरायो

यहि मिति २०८३/०७/१२ गते मुस्ताङचोक बाट गौरीघाट जादै गर्दा मेरो निम्न विवरणको नेपाल फार्मेसी काउन्सिलको लाइसेन्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम: अनुष कुँवर
ठेगाना: पोखरा-६, कास्की
सहायक फार्मेसिस्ट लाइसेन्स नं: A७९३५
सम्पर्क नं. ९८०६५२३९८०

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म:
वि.सं. २००७/०३/०७ गते

स्वर्गारोहण:
वि.स. २०८३/०७/२६ गते

स्व. बृहस्पति सापकोटा

यस श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका आजिवन सदस्य, अत्यन्तै सहयोगी यस संस्थाप्रति अति शुभचिन्तक समाजसेवी **बृहस्पति सापकोटा**को दुखद् निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं साथै यस दुखद् घडीमा रहनु भएका शोकसन्तप्त परिवारजन, आफन्त, इष्टमित्र साथीभाइ सबैमा धैर्यधारण गर्न सक्ने शक्ति भगवती श्री भद्रकाली माताले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।
कालीमाताले हामी सबैको कल्याण गरुन् !

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष एवम्
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
कुँडहर, पोखरा-१२/१३